आज मिति २०८० साल श्रावण २९ गते सोमबारका दिन बिहान ११:०० बजे जैमिनी नगरपालिकाका कार्यवाहक नगर प्रमुख श्री हरिहर शर्माज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको २१औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

कार्यवाहक नगरप्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री विमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

Shagun

## बैठक कार्यसूची

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।

२. हालसम्मको आय व्यय कार्यपालिकामा सार्वजनिक गर्ने र हालसम्म सम्पन्न भएका आयोजना कार्यक्रमको फरफारक गर्ने सम्बन्धमा ।

३. नगरपालिकाको अस्थायी दरबन्दी स्वीकृत गर्ने र करार/ज्यादारीमा कार्यरत विभिन्न सेवा समूहका कर्मचारीहरुको म्याद थप गरी करार सम्झौता (नविकरण) गर्ने सम्बन्धमा ।

४. वडा नं. ३ मा कार्यालय सहयोगी पदको अस्थायी दरबन्दी सृजना गरी पदपूर्ति गर्ने सम्बन्धमा ।

५. प्राविधिक तथा अप्राविधिक सेवा तर्फका विभिन्न सेवा समूहका रिक्त पद पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगमा मागआकृति फाराम भरी पठाउने र स्थायी पदपूर्ति नभएसम्मको लागि कार्यालयको काममा सहजताको लागि त्यस्ता पद मध्ये अति आवश्यक पद र कार्यक्रम तर्फका पदहरु तथा तहविहीन रिक्त पदहरु सेवा करारबाट पदपूर्ति गर्ने सम्बन्धमा ।

६. आ.व.२०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार कार्यक्रम तर्फ खेल शिक्षक पदपूर्ति गर्ने सम्बन्धमा ।

७. उद्यम विकास सहजकर्ताको म्याद थप तथा करार सम्झौता सम्बन्धमा ।

८. वडा नं. ३ र वडा नं. ९ मा वडा कार्यालय र स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागि आवश्यक जग्गा आवश्यकता उपयुक्तता र सुलभ सेवा पहुँच समेतलाई ध्यानमा राखी हाल वडा कार्यालयको केन्द्र र स्वास्थ्य चौकी रहेको आसपास क्षेत्रमा निशुल्क रुपमा प्राप्त गर्ने सम्बन्धमा ।

९. नगरकार्यपालिकाबाट गठित कार्यदलले पेश गरेको प्रतिवेदनको आधारमा नगरपालिकाभित्र बसोवास गर्ने घरविहीन र खर/फुसको छाना भएका घर परिवारको सूची अद्यावधिक गर्ने सम्बन्धमा ।

१०. बाराही हाइड्रोपावर पब्लिक लिमिटेडबाट सिफारिस माग सम्बन्धमा ।

११. जैमिनी नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत नगर विकास योजना तथा संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरुको कार्यान्वयन कार्यतालिका स्वीकृत गर्ने सम्बन्धमा ।

१२. राजस्व परामर्श समितिको सिफारिस अनुसारको कबाडि कर रकम अनुमोदन गरी राजस्व संकलनको प्रक्रिया अघि बढाउने सम्बन्धमा ।

१३. QR Code मार्फत् नगरपालिकाको आन्तरिक राजस्व संकलन गर्ने व्यवस्था मिलाउने सम्बन्धमा ।

१४. जैमिनी नगरपालिकाको आ.व.२०८०/०८१ निर्माण सामाग्री तथा ढुवानी दररेट निर्धारण सम्बन्धमा।

१५. आ.व. २०७९/०८० को भुक्तानी दिन बाँकी आयोजना सम्बन्धमा ।

१६. शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

<u>निर्णयहरु</u>

यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा छलफल गरियो ।

१. अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो। आगामि दिनमा अझ प्रभावकारी र चुस्त ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. नगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक आय र व्यय विवरण प्रस्तुत गरियो । जस अनुसार आ.व. २०७९/०८० मा वास्तविक आम्दानी रु. ७८,१२,७४,४८५।८२ र खर्च रु. ६७,६३,९८,९५९।२७ (७२.२५ प्रतिशत) भएको पाइयो । आम्दानी तर्फ नगरपालिकाको कूल अनुमानित आय रु. ८१,९९,४४,९९२।०० मा वित्तीय समानीकरण अनुदान तर्फ रु. ९५,५५,०००।०० र राजस्व बाँडफाँड तर्फ रु. २,२०,२९,७६६।४५ रकम कम प्राप्त भई जम्मा रु. ३,१५,८४,७६६।४५ कम रकम प्राप्त भयो । बार्षिक बजेटको अनुपातमा चालु खर्च तर्फ रु. ४४,६९,१९,७७०।११ (९०.७३ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. २३,१४,७४,९३८।३६ (७०.७० प्रतिशत) वित्तीय प्रगति भएको पाइयो। आ.व. २०७९/०८० मा नगरपालिकाको भैतिक प्रगति ८२ प्रतिशत र वित्तीय प्रगति ८२.११ प्रतिशत भयो। उपरोक्तानुसारको प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट आ.व. २०७९/०८० मा सम्पन्न भई विभिन्न मितिमा भुक्तानी भएका सबै आयोजना तथा कार्यक्रम तर्फको रकम र अन्य विभिन्न शिर्षकमा भएको प्रशासनिक तथा अन्य खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।

३. जैमिनी नगरपालिकाको लागि आवश्यक विभिन्न सेवा समूहका तपसिल वमोजिमका अस्थायी दरबन्दी र संघीय सरकार सशर्त अनुदान तथा संघीय सरकार र नगरपालिका बीच साझेदारी तर्फका पदहरु २०८१ असार मसान्त सम्मको लागि स्वीकृत गर्ने र उक्त अस्थायी दरबन्दी तथा स्वीकृत स्थायी दरबन्दी र कार्यक्रम तर्फका पदहरुमा करार/ज्यादारीमा निरन्तर रुपमा कार्यरत विभिन्न सेवा समूहका कर्मचारीहरुको २०८० साल श्रावण १ गते देखि २०८० साल पौष मसान्त सम्म म्याद थप गरी करार सम्झौता/नविकरण गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.न | पद | सेवा/समूह | श्रेणी/तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत | प्राविधिक | अधिकृत छैठौं | १ | PLGSP |
| २. | रोजगार संयोजक | अप्राविधिक | सहायक पाँचौं | १ | PMEP |
| ३. | रोजगार सहायक | अप्राविधिक | सहायक पाँचौं | १ | PMEP |
| ४. | रोजगार प्राविधिक | प्राविधिक | सहायक पाँचौं | १ | PMEP |
| ५. | एम.आइ.एस. अपरेटर | प्राविधिक | सहायक पाँचौं | २ | सामाजिक सुरक्षा तथा पञ्जिकरण |
| ६. | फिल्ड सहायक | प्राविधिक | सहायक चौथो | १ | सामाजिक सुरक्षा तथा पञ्जिकरण |
| ७. | ना.प्रा.स. | कृषि | सहायक चौथो | ९ | OVOT |
| ८. | नेत्र सहायक | स्वास्थ/अप्टिसियन | सहायक पाँचौं | १ | नगरपालिका तर्फ |
| ९. | अ.न.मी. | स्वास्थ/क.न. | सहायक चौथो | ३ | कार्यक्रम तर्फ |
| १०. | अ.हे.व. | स्वास्थ/हे.इ. | सहायक चौथो | ४ | नगरपालिका तर्फ |
| ११. | अ.न.मी. | स्वास्थ/क.न. | सहायक चौथो | ४ | नगरपालिका तर्फ |
| १२. | ल्या.अ. | स्वास्थ/मे.ल्या.टे. | सहायक चौथो | १ | नगरपालिका तर्फ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | डोजर अपरेटर (हे.स.चा.) | | तहविहीन | १ | |
| १४. | ह. स. चा. | | तहविहीन | ३ | |
| १५. | कार्यालय सहयोगी | | तहविहीन | ११ | |
| १६. | इलेक्ट्रिसियन | | तहविहीन | १ | ज्यालादारी |

४. जैमिनी नगरपालिकाको वडा नं. ३ मा कार्यालय सहयोगी पद नभएको कारण कार्यसम्पादनमा कठिनाई भएकोले उक्त वडाको लागि कार्यालय सहयोगी पद १ (एक) अस्थायी दरबन्दी सृजना गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

५. जैमिनी नगरपालिकाको स्वीकृत दरबन्दी अनुसार प्राविधिक तथा अप्राविधिक सेवा तर्फका विभिन्न सेवा समूहका रिक्त पद पदपूर्तिको लागि गण्डकी प्रदेश लोक सेवा आयोगमा मागआकृति फाराम भरी पठाउने र स्थायी पदपूर्ति नभएसम्मको लागि कार्यालयको काममा सहजताको लागि त्यस्ता पद मध्ये अति आवश्यक पद र कार्यक्रम तर्फका पदहरु तथा तहविहीन रिक्त पदहरु सेवा करारबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

६. आ.व.२०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार नगरपालिकाभित्रका विद्यालय तहका बालबालिकाको खेलकुद विकास र प्रबर्द्धनको लागि (कार्यक्रम तर्फ) प्राथमिक तृतीय श्रेणी शिक्षक वा सो सरहको १ (एक) अस्थायी खेल शिक्षक पद सृजना गरी सोही श्रेणी सरहको वा सम्झौता अनुसारको सेवा सुविधा पाउने गरी खेल शिक्षक पदपूर्ति गर्ने निर्णय गरियो ।

७. लघु उद्यम विकास कार्यक्रम तर्फ सशर्त तर्फको बजेट यस आ.व. २०८०/०८१ मा जम्मा रु.१३,००,०००।–मात्र प्राप्त भएको र नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. २६ मिति २०८०।०४।१५ को पत्रबाट संघीय सरकारबाट थप बजेट निकासा गर्न नसकिने व्यहोरा उल्लेख भई आएको । हाल उक्त कार्यक्रम संचालनको सहजीकरणको लागि दुई जना उद्यम विकास सहजकर्ता कार्यरत रहेको अवस्थामा संघीय सरकारबाट जारी गरिएको लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार नयाँ उद्यमी सृजना कार्यक्रम र सहजकर्ताको पारिश्रमिक र सुविधा तथा अन्य प्रशासनिक खर्च गर्न पाउने शिर्षकमा जम्मा रु. ९,२०,०००।–मात्र बजेट प्राप्त भएको छ । निर्देशिका अनुसार उक्त रकमको ३३ प्रतिशत रकम मात्र कर्मचारीको पारिश्रमिक, सेवा सुविधा र अन्य प्रशासनिक खर्च गर्न पाउने व्यवस्था भएबाट जम्मा रु. ३,०३,६००।–मात्र पारिश्रमिक र सेवा सुविधा तथा अन्य प्रशासनिक खर्च तर्फ खर्च गर्न सकिने अवस्था रहेको छ । साविकमा निज सहजकर्ताहरुले पाईरहेको पारिश्रमिक र पोषाक सुविधा रकम मात्र वार्षिक रु. ८,७५,४५२।–लाग्ने देखिएकोले साविक बमोजिम कर्मचारीको म्याद थप गर्दा नयाँ कार्यक्रम संचालन गर्न नसकिने स्थिति देखिन्छ । अतः संघीय सरकारको बजेट अत्यन्त कम भएको र नगरपालिकाले पनि स्रोत अभावमा थप बजेट व्यवस्था गर्न नसकिने भएकोले निज सहजकर्ताहरुसँग उनिहरुले पाउने पारिश्रमिक र सेवा सुविधाको विषयमा छलफल गरी आपसि समझदारीमा कम पारिश्रमिकमा पनि काम गर्न सहमत भएमा पछि संघीय सरकारबाट अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुनेगरी हाललाई २०८० श्रावण १ गते देखि लागु हुने गरी ३ (तीन) महिनासम्म म्याद थप गरी करार सम्झौता गर्ने निर्णय गरियो।

८. जैमिनी नगरपालिकाको वडा नं. ३ र वडा नं. ९ मा वडा कार्यालय र स्वास्थ्य चौकी भवन निर्माण गर्नको लागि आवश्यक जग्गा आवश्यकता, उपयुक्तता र सुलभ सेवा पहुँच समेतलाई ध्यानमा राखी हाल वडा

कार्यालयको केन्द्र र स्वास्थ्य चौकी रहेको आसपास क्षेत्रमा जग्गा प्राप्त गर्नको लागि दुवै वडा कार्यालयहरुबाट सूचना प्रकाशन गरिएकोमा सूचनाको म्यादभित्र तपशिल बमोजिमका जग्गादाताहरुबाट निशुल्क रुपमा जग्गा उपलब्ध गराउने गरी मन्जुरीनामा सहित निवेदन दिएकोमा दुवै वडा कार्यालयहरुले उक्त जग्गाको उपयुक्तता, सेवाको सहज पहूँच र कार्यालयको केन्द्र परिसर समेतलाई ध्यानमा स्थानीय नागरिकहरुको उपस्थितिमा सर्जमिन मुचुल्का समेत गरी आवश्यक प्रक्रिया पुरा गरी उक्त जग्गा निशुल्क प्राप्त गर्नको लागि छुट्टा छुट्टै फाइल तयार गरी नगरपालिकामा पेश गरेकोमा उक्त जग्गा वडा कार्यालयको केन्द्र परिसर मापदण्ड भित्रै पर्ने र जग्गाको उपयुक्तता, नागरिकहरुको सहज र सुलभ पहुँच हुनाको साथै वडा कार्यालय र स्वास्थ्य चौकीको भवन निर्माणको लागि अति आवश्यक र उपयुक्त देखिएकोले उक्त जग्गा निशुल्क प्राप्त गर्नको लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ५ को उपदफा (२) बमोजिमको समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल:

वडा नं. ३ को वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माणको लागि (साविक दमेक गा.वि.स. वडा नं. ८)

| सि.नं. | जग्गा धनीको नाम थर | कित्ता नं. | वडा नं. | जम्मा क्षेत्रफल (रोपनी आना पैसा दाम) | लिने क्षेत्रफल (रोपनी आना पैसा दाम) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृष्णबहादुर छन्त्याल | १२५७ | ३ | ४-०-०-० | १-०-०-० (पश्चिम दक्षिण तर्फ) | निशुल्क |
| २ | कृष्णबहादुर छन्त्याल | १२६३ | ३ | ०-१०-०-० | ०-२-०-० (पश्चिम दक्षिण तर्फ) | निशुल्क |
| ३ | कृष्णबहादुर छन्त्याल | ८३४ | ३ | १-१५-१-३ | १-१५-१-३ (पुरै) | निशुल्क |
| ४ | पूर्ण बहादुर पुन | १३७० | ३ | ३-१५-०-२ | २-५-०-० (पश्चिम तर्फ) | निशुल्क |
| ५ | दिलकुमारी घर्ती थापा | ८३० | ३ | ३-१२-२-१ | ३-०-०-० (उत्तर पश्चिम तर्फ) | निशुल्क |
| ६ | दिलकुमारी घर्ती थापा | ८३१ | ३ | १-८-२-३ | १-८-२-३ (पुरै) | निशुल्क |
| ७ | ईन्द्रकली पुन | १३७१ | ३ | ३-१५-०-२ | २-५-०-०(पश्चिम तर्फ) | निशुल्क |

वडा नं. ९ को वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन निर्माणको लागि (साविक पैयूंथन्थाप गा.वि.स. वडा नं. ४)

| सि.नं. | जग्गा धनीको नाम थर | कित्ता नं. | वडा नं. | जम्मा क्षेत्रफल (रोपनी आना पैसा दाम) | लिने क्षेत्रफल (रोपनी आना पैसा दाम) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नैनाकली पाध्यानी | ६६९ | ९ | ५-३-३-१ | ४-०-०-० (उत्तर तर्फ) | निशुल्क |

९. नगरकार्यपालिकाबाट कार्यपालिका सदस्य श्री भरत वि.क. को संयोजकत्वमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन अनुसार नगरपालिकाभित्र बसोवास गर्ने घरविहीन र खर/फुसको छाना भएका घर परिवारको सूची अद्यावधिक गर्ने सम्बन्धमा उक्त प्रतिवेदन छलफल गरी आवश्यक निर्णय लिनको लागि जैमिनी नगरपालिकाको घरवार विहिनहरुको लागि आवास निर्माण सम्बन्धी कार्यविधि, २०७५ मा केही संशोधन, थपघट गर्नु

Shagun

आवश्यक देखिएको र खर/फुसको छाना विस्थापन गर्ने सम्बन्धमा उपयुक्त मापदण्ड/ कार्यविधि निर्माण गर्न समेत आवश्यक देखिएकोले उक्त कार्यविधि अध्ययन गरी दवै घर विहीन र खर/फुसको छाना भएका परिवार सम्बन्धमा आवश्यक कार्यविधिको मस्यौदा तयार गरी एक महिनाभित्र मस्यौदा सहितको प्रतिवेदन पेश गर्नको लागि देहाय बमोजिमको सात सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय:

संयोजक श्री चक्रबहादुर थापा, वडा अध्यक्ष, वडा नं. ४

सदस्य श्री टगबहादुर क्षेत्री थापा, वडा अध्यक्ष, वडा नं. ५

सदस्य श्री सन्दिप थापा, वडा अध्यक्ष, वडा नं. ९

सदस्य श्री दुर्गादेवी पाध्या, कार्यपालिका सदस्य

सदस्य श्री लालबहादुर परियार, कार्यपालिका सदस्य

सदस्य श्री विवेक सापकोटा, इन्जिनियर, नगरकार्यपालिकाको कार्यालय

सदस्य श्री विष्णुप्रसाद शर्मा, अधिकृत सातौं, नगरकार्यपालिकाको कार्यालय

१०. बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको च.नं. ००३-०८०/०८०१ मिति २०८०।०४।१४ को पत्रबाट उक्त कम्पनी (दर्ता नं. १३४५८३/०७१/०७२) द्वारा निर्माणाधिन टेउलेखोला जलविद्युत आयोजना (१.५ मे.वा.) भन्दा तल ५१० कि.वा. क्षमताको जलविद्युत आयोजना पहिचान गरिएको हुँदा उक्त आयोजनाको अध्ययन तथा सर्भेक्षणका लागि विद्युत नियमावली, २०५० को अनुसूची १ को नियम ३ सँग सम्बन्धित प्रयोजनका लागि नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय विद्युत विकास विभाग, सानोगौचरण काठमाडौंलाई प्राविधिक मूल्याङ्कनका लागि सिफारिस गरिदिनुहुन अनुरोध छ भनी सिफारिस माग भएकोमा प्रचलित कानून अनुसार आवश्यक कार्य गर्नको लागि उक्त निकायमा सिफारिस गर्ने निर्णय गरियो।

११. जैमिनी नगरकार्यपालिकाबाट तयार गरी पेश भएको जैमिनी नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत नगर विकास योजना र संघ तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरुको कार्यान्वयन कार्यतालिका माथि नगरकार्यपालिका बैठकमा छलफल गरियो । उक्त कार्यतालिका स्वीकृत गरी सो अनुसार कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

१२. जैमिनी नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८०।०४।२६ गतेको बैठकबाट आ.व. २०८०/०८१ को लागि नगरपालिकाको कबाडी मालसामानको संकलन र बिक्रिवितरण तर्फ रु. १,५०,०००।–राजस्व अनुमान गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश भएकोमा उक्त रकम स्वीकृत गरी कवाडि कर संकलनको प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१३. जैमिनी नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८०।०४।२६ गतेको बैठकबाट QR Code समेतबाट नगरपालिकाको आन्तरिक राजस्व (आन्तरिक आय खाता नं. ०४५०४०१००००००५) संकलन गर्ने व्यवस्था मिलाउने सम्बन्धमा निर्णय भई आएकोमा फोन नं. ९८५७६५५१८२ मा जानकारी आउने गरी नगरपालिकाको QR Code उपलब्ध गराउन ग्लोबल आइएमई बैंक कुश्मीसेरा शाखालाई लेखिपठाउने निर्णय गरियो ।

१४. बागलुङ जिल्ला निर्माण सामाग्री तथा ढुवानी दररेट निर्धारण समितिबाट स्वीकृत गरि लागु गरिएको आ.व.२०८०/०८१ को निर्माण सामाग्री तथा ढुवानी दररेटमा सोही दररेटमा उल्लेख भएको ढुवानी दररेट थप गरी यस नगरपालिकाको आ.व.२०८०/०८१ को लागि निर्माण सामाग्री तथा ढुवानी दररेट स्वीकृत गरी लागुगर्ने निर्णय गरियो ।

Shagun

१५. आ.व. २०७९/०८० को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार खरिद प्रक्रिया पुरा गरी सम्झौता समेत भई कार्यसम्पन्न भएका तर रकम भुक्तानी बाँकी भई दायित्व सृजना भएका तथा म्याद थप भई कार्य सम्पन्न हुने क्रममा रहेका र सम्झौताको म्याद कायम रहेका दायित्व सृजना भइसकेका तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमको भुक्तानी दिन बाँकी रकम स्वीकृत गरी नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कार्यक्रम/आयोजनाको नाम | सम्झौता अनुसार भुक्तानी दिन बाँकी रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | मोटरसाइकल खरिद | २४,५२,५९२।- | |
| २ | एम्बुलेन्स खरिद | २०,१०,०५०।- | |
| ३ | फोहरमैला व्यवस्थापन | ७६,८००।- | |
| ४ | WASH PLAN निर्माण | ६,००,०००।- | |
| कुल जम्मा | | ५१,३९,४४२।- | |

१६. जैमिनी नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष एवं सुशासन तथा संस्थागत विकास समितिका सदस्य श्री सन्दिप थापाकी ममतामयी माता स्व. हरिकला थापाको २०८० श्रावण ६ गते ८९ वर्षको उमेरमा असामयिक स्वर्गारोहण (जन्म वि.सं. १९९१।०४।०४ मृत्यु वि.सं. २०८०।०४।०६) भएकोप्रति नगरपालिका परिवार स्तब्ध भएको छ । शोकको यस घडीमा नगरपालिका परिवार दिवंगत आत्माको चीर शान्ति एवं वैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोक सन्तप्त परिवार तथा आफन्तजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामनाका साथ गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।